# भिक्टोरियामा अपराध पिडितहरुका लागि सेवाहरू नेपाली (Nepali)

**भिक्टोरिया सरकारको अपराध पिडित हेल्पलाइन** (Victims of Crime Helpline) **ले तपाईं र तपाईंको परिवारको लागि नि: शुल्क जानकारी, सल्लाह र सहयोग प्रदान गर्दछ।**

## अपराध पिडित हेल्पलाइन

**खोल्ने समय: बिहान ८ बजे - राति ११ बजे सम्म, हप्ताको ७ दिननै**

**फोन**: 1800 819 817

**सन्देश**: 0427 767 891

**ईमेल**: vsa@justice.vic.gov.au

## निम्न कुराहरूका लागि सन्देश वा ईमेल पठाउन हेल्पलाइनमा फोन गर्नुहोस्, :

- प्रहरीलाई कसरी अपराधको जाहेरी दिने गर्ने थाहा पाउँन
- तपाईंलाई मद्दत गर्न सक्ने अन्य सेवाहरू खोज्न
- भिक्टोरियामा न्याय प्रणाली कसरी संञ्चालन हुन्छ भन्ने बारे जानकारी प्राप्त गर्न
- यदि तपाईं अदालतमा साक्षी बस्न आवश्यक भएमा तपाईंलाई सहयोग गर्न
- यदि तपाईं योग्य हुनुहुन्छ भने, क्षतिपूर्ति र आर्थिक सहयोगको लागि आवेदन दिन मद्दत लिन
- तपाईं र तपाईंको परिवारलाई सुरक्षित राख्न तपाईं के गर्न सक्नुहुन्छ भन्ने बारे जानकारी पाउन

**यदि तपाईं अहिले खतरामा हुनुहुन्छ भने, प्रहरीलाई तीन शून्य (000) मा फोन गर्नुहोस्। तपाईं कुनै पनि प्रहरी थानामा जान सक्नुहुन्छ।**

## हामी विभिन्न परिस्थितिमा रहेका धेरै व्यक्तिलाई सहयोग गर्छौं

**हरेक वर्ष हामी विभिन्न उमेर, लिंग र पृष्ठभूमि भएका हजारौं अपराध पिडित मानिसहरूलाई मद्दत गर्दछौं।**

## यदि तपाईं प्रहरीलाई अपराध रिपोर्ट गर्न चाहनुहुन्न भने पनि हामी तपाईंलाई सहयोग गर्न सक्छौं।

**प्रहरीलाई अपराधको बारेमा जानकारी दिनु पर्ने धेरै कारणहरू हुन्छन्। उनीहरूले तपाईंको रिपोर्टलाई गम्भीरतासाथ लिनेछन् र अपराधी पत्ता लगाउन कोशिस गर्नेछन्। उनीहरूले तपाइँको सुरक्षा पनि गर्न सक्छन्।**

**यदि तपाईं जाहेरी दिन तयार हुनुहुन्न वा प्रहरीसँग कुरा गर्ने बारे चिन्तित हुनुहुन्छ भने तपाईंलाई हेल्पलाइनले निम्न कुराहरूमा मद्दत गर्नेछ:**

- तपाईंसँग कुरा गर्न र तपाईंको परिस्थिति बुझ्न
- यदि तपाईं अपराध रिपोर्ट गर्न चाहानु हुन्न भने पनि तपाईंलाई मद्दत गर्न सक्ने सेवाहरू खोज्न
- यदि तपाईं चाहनुहुन्छ भने तपाईंलाई प्रहरीसँग कुरा गर्न मद्दत गर्न।

## तपाईंले दोभाषे प्रयोग गर्न सक्नुहुन्छ

**यदि तपाईंलाई चाहिएमा हेल्पलाइनले तपाईंलाई नि:शुल्क दोभाषे उपलब्ध गराउँछ। तपाईंले दोभाषे माग्नको लागि अरू कसैलाई हेल्पलाइनमा फोन गर्न लगाउन सक्नुहुन्छ।**

**दोभाषे अनुरोध गर्न**:

- **हेल्पलाइनलाई** 1800 819 817 **मा फोन गर्नुहोस्**
- **उनीहरूलाई तपाईंको नाम**, **फोन नम्बर र बोल्ने भाषा बताउनुहोस्**
- **एउटा दोभाषेले तपाईंलाई फोन गर्नेछ।**

**जब दोभाषेले तपाईंलाई फोन गर्दछ**, **तपाईंको मोबाइल फोनमा यो एक ‘निजी नम्बर’ ‘ब्लक्ड नम्बर’ वा ‘नचिन्ने** (**कलर** ID **नभएको**) **नम्बर**' ('private number', 'blocked' or 'no caller ID') **को रूपमा आउन सक्छ ।**